धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प.सं. :- २०७९/८०
च.नं. :-६३०

मिति :- २०८०/०१/२५

## विषय : चौथो त्रैमासिक माग फाराम पेश गर्ने बारे।

श्री सामुदायिक विद्यालयहरु सबै
धनगढी उप-महानगरपालिका, कैलाली।

प्रस्तुत विषयमा यस उप-महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक, अस्थायी/करार शिक्षक, राहत शिक्षक, शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षक, बालविकास सहजकर्ता (शिक्षक), विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुको आ.व.२०७९।८० को चौथो त्रैमासिक (बैशाख, जेठ र असार) अवधिको तलबभत्ता तथा पारिश्रमिक भुक्तानीका लागि मिति २०८० जेठ १० गते भित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा देहाय बमोजिम माग फाराम तयार गरी पेश गर्नु हुन जानकारीका लागि अनुरोध छ।

नरेन्द्र बहादुर खाती
उपसचिव

**तपसिल**

१. माग फारामसाथ आ.व.२०७९।८० को तेस्रो त्रैमासिक अवधिको तलबभत्ता तथा पारिश्रमिक भुक्तानी सम्बन्धी विवरणहरु (शिक्षक/कर्मचारीहरुको पेश गर्न बाँकी अवधिको प्रमाणित हाजिरी, शिक्षक/कर्मचारीको बैंक खातामा रकम जम्मा गरिएको व्यहोरा खुलेको बैंकबाट प्रमाणित पत्र, सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, आयकर कट्टी भएको विवरण) संलग्न गरेको हुनु पर्नेछ।

२. विद्यालयमा कार्यरत सबै स्थायी शिक्षक, अस्थायी/करार शिक्षक, राहत शिक्षक, शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षक, बालविकास सहजकर्ता (शिक्षक), विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुको व्यक्तिगत फाईल बुझाउन छुट भएका विद्यालयहरुले बाँकी व्यक्तिगत फाईल समेत मागफारमका साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

३. आ.ब. २०७७/२०७८ सम्मको अन्तिम लेखा परीक्षण गर्न बाँकी रहेका विद्यालयहरुले सो अवधि सम्मको लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गर्नु पर्ने छ।

४. यस सम्बन्धी थप जानकारी बुझ्नु परेमा सम्बन्धित विद्यालय हेर्ने शाखा/शिक्षा अधिकृत र शिक्षा, युवा तथा खेलकुद महाशाखाका प्राविधिक सहायक श्री ज्ञानु गिरीबाट बुझ्न सकिनेछ।

**बोधार्थ :**

श्री सञ्चार तथा सूचना प्रविधि शाखा : कार्यालयको वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनु हुन।
प्रा.स. श्री ज्ञानु गिरी : पेश तथा रुजु भएका माग फाराम बमोजिम निकासा विवरण तयार गरी पेश गर्नु हुन।